# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको पूर्ण कार्यान्वयन गर्दै समृद्धि र विकास प्रतिको जनआकांक्षालाई पूरा गर्न श्रोतको उच्चतम तथा दीगो प्रयोग र सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हनु आवश्यक छ । सार्वजनिक श्रोतको समुचित विनियोजन तथा विनियोजित रकमको प्रभावकारी ढंगले उपयोग गर्नु सबै तहका सरकारहरुको पहिलो प्राथमिकताको विषयहरु हुन । यसको लागि सार्वजनिक श्रोतको विनियोजन गर्ने सम्बन्धमा सिमित श्रोत साधनलाई मध्यनजर गरी उत्पादन तथा पुर्वाधार निर्माणसंग जोडिएका क्षेत्रलाई आवश्यकताको दृष्टिले पहिलो तथा दोश्रो श्रेणीमा राखी क्षेत्रगत र विषयगत रुपमा प्रयोग हुने गरी आदर्शतम प्रणालीको विकास गर्नु आवश्यक हुन्छ । साथै कार्यक्रम तथा आयोजनाको कार्यान्वयका लागि श्रोतको सुनिश्चितताको गर्नु पनि अति आवश्यक हुन्छ ।

मध्यमकालिन खर्च संरचनालाई सार्वजनिक खर्चको व्यबस्थापनलाई उत्पादनमुखी, अनुशासित र प्रभावकारी बनाउने औजारको रुपमा लिने गरिएको छ । वित्तीय श्रोतको सीमितता भित्रैबाट नै समन्यायिक प्रणालिमार्फत प्रभावकारी वितरणको सुनिश्चितता खोज्दै समष्टिगत आर्थिक स्थायित्वलाई दिगो तथा भरपर्दो बनाउने उद्देश्यले विश्वका धैरै देशले यो मध्यमकालिन खर्च संरचनालाई प्रयोग गर्ने गरेका छन् । यसको माध्यमबाट संविधान तथा आवधिक योजनाले निर्धारित गरेका लक्ष्य तथा देशले अन्तराष्ट्रिय स्तरमा जाहेर गरेको दिगो विकासका लक्ष्य हासिल गर्नमा समेत प्रत्यक्ष सहयोग पु¥याउने औजारको रुपमा मध्यमकालिन खर्च संरचनालाई लिइन्छ ।

मध्यमकालिन खर्च संरचना तर्जुमा गर्दा खर्च संरचनामा समावेश हुने योजना, कार्यक्रम तथा परियोजनाको उद्देश्य, खर्चको पुष्ट्याईं, आगामी वर्ष र त्यसपछिका दुई वर्षमा प्राप्त हुने अनुमानित प्रतिफल तथा उपलब्धि समेत समावेश भएको हुनुपर्दछ। साथै मध्यमकालिन खर्च संरचनाले सरकारले परिचालन गर्न सक्ने स्रोतसाधनको वैज्ञानिक ढङ्गले अनुमान गरी स्रोत र साधनलाई आवधिक योजनाको प्राथमिकताका क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गरी स्रोत साधनको प्रयोगको प्रभावकारिता बढाउनमा मद्दत गर्दछ। मध्यमकालिन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई पारदर्शी, अनुमानयोग्य, सहभागितामुलक र वैज्ञानिक बनाउने भएकाले यसलाई एउटा जीवन्त दस्तावेजको रूपमा लिने गरिएकोछ ।

मध्यमकालिन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सोको सम्भाव्यता अध्ययनका साथै योजना कार्यान्वयन गर्न आवश्यक बजेट छुट्याउनु अघि आवश्यकताको पुष्ट्याईंलाई समेटिनु पर्ने, प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि समेत राखिनु पर्ने व्यवस्था छ । यसका अतिरिक्त योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति ब्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण समेत गरिएको हुनु पर्ने प्रावधान रहेको छ । साथै प्रस्तावित योजना / आयोजना/ कार्यक्रमहरुको मध्यकालीन अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार उपलब्धी हासिल भए नभएको यथार्थ विवरण आदि निर्धारित ढाँचामा तयार गर्नुपर्ने कानूनी व्यवस्था समेत रहेको छ ।

प्रदेशको सिमित श्रोत र साधनलाई प्रभावकारी रुपमा उपयोग गर्नका साथै प्रदेश सरकारले आफ्नो आवधिक योजनामा राखेका बृहद् प्रदेश लक्ष्य र नीति कार्यान्वयनका साथै राष्ट्रिय लक्ष्यहरु र दिगो विकास लक्ष्यहरू प्राप्ति सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नका लागि पनि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनु पूर्व शर्त भित्र पर्दछ । यीनै कतिपय कुराहरूलाई ध्यानमा राखि अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहलाई बार्षिक बजेट र योजना तर्जुमा गर्दा मध्यमकालिन खर्च संरचना अनुरुप गरिनु पर्ने अनिवार्य व्यवस्था गरेको छ ।

प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ५ को उपदफा (१) मा आगामी ३ आर्थिक बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्नेछ र यस्तो खर्च संरचना बनाउदा आवधिक विकास योजनालाई मार्गदर्शकको रूपमा लिनु पर्ने र उपदफा (२) बमोजिम मध्यमकालिन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापका प्रति ईकाइ लागत, सन्चालनमा लाग्ने अनुमानित समय र सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ ।कानूनमा रहेको व्यवस्था अनुसार पनि सरकारी खर्चलाई समग्र आकार मानी आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका आधारमा बजेट छुट्याउने र बजेट खर्चको उपलब्धी, खर्चको पारदर्शीता, कार्यान्वयनको जिम्मेवारी बहन गर्ने निकायको जवाफदेहिता र सार्वजनिक खर्चमा वित्तीय अनुशासन कायम गर्नु पर्ने हुन्छ । कानूनत: मध्यकालीन खर्च संरचना तयारी एवम् स्वीकृति बिना बजेट र योजना कार्यान्वयन गर्न मिल्दैन ।

नेपालको वर्तमान संविधान लागू भएपछि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहले आआफ्नो व्यवस्थापकीय संस्था (संसद, सभा वा परिषद्) मा वार्षिक अनुमान प्रस्तुत गर्दा त्यससँगै मध्यमकालिन खर्च संरचना समेत तयार गरी प्रस्तुत गर्नुपर्ने व्यवस्था भए अनुरुप प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजनाले लिएका सोच, उद्देश्य तथा प्राथमिकताको आधारमा यो मध्यमकालिन खर्च संरचनालाई आधार लिईएको छ । प्रस्तुत तीन बर्षीय खर्च संरचनाको आगामी पहिलो आर्थिक वर्ष २०८०/८१ को हकमा बिनियोजन प्रस्तावको आधारमा र त्यस पछिका दुई आर्थिक वर्षको (आ.व.२०८१/०८२–२०८२/०८३) को हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ ।यसैगरी प्रदेश मन्त्रालय तथा अन्तर्गत निकायले सञ्चालन गर्ने योजना / आयोजना / कार्यक्रमका विभिन्न क्रियाकलापहरूको प्रति एकाई खर्च अनुमान गर्नुका साथै विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरू प्रस्तुत हुने गरी यो मध्यमकालिन खर्च संरचना तर्जुमा गरिएको छ ।

## १.२ अवधारणा

मध्यमकालिन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनमा औजारको रूपमा उपलव्ध साधन श्रोतको आंकलन गर्ने र उपलव्ध साधन श्रोतलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बांडफाँड गर्दछ । यस अन्तर्गत आन्तरिक आय र बाह्य आयको आंकलन गरी समष्टीगत आर्थिक खाका तयार गरीन्छ । यस्को आधारमा क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत निकायहरूको नीति र कार्यक्रम कार्यन्वयन गर्न मध्यमकालिन खर्च अनुमान खाका तयार गरीन्छ।यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन बर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरीन्छ ।यस्मा पहिलो वर्षको खर्च र श्रोत अनुमानको बार्षिक बजेटसंग तादात्मकता रहन्छ र बाँकी दुई आर्थिक बर्षको प्रक्षेपण गरीन्छ।पहिलो बर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालिन खर्च संरचना तयार गरीन्छ, जसमा पहिलो वर्षको प्रगती समीक्षा गरीन्छ भने बाँकी दुई आ.व.को विगतमा गरेको प्रक्षेपण अनुमानलाई परिमार्जन गरी एक बर्षको बजेट प्रक्षेपण गरीन्छ ।

मध्यमकालिन खर्च संरचनामा चक्रीय हिसावले प्रत्येक वर्षका लागि बजेट तयार पार्दा तीन बर्षको बजेट आंकलन गर्नु पर्ने हुन्छ । विकासको आवश्यकता, योजना कार्यान्वयनको अवस्था तथा राजस्व र बाह्य श्रोतको अनुमान समेतको आधारमा प्रत्येक वर्ष परिमार्जन गर्नु पर्ने हुन्छ

। समग्रमा मध्यमकालिन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ उद्देश्य

यस मध्यमकालिन खर्च संरचनाको प्रमुख उद्देश्य प्रदेशमा उपलव्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसले सीमित वित्तीय श्रोत भित्रै प्राथमिकताको क्रम अनुरुप वार्षिक योजना कार्यान्वयनको लागि सुनिश्चितता खोजेर समष्टिगत आर्थिक स्थायित्वलाई दीगो तथा भरपर्दो बनाउने प्रयास गर्दछ ।मध्यमकालिन खर्च संरचनाका प्रमुख उद्देश्यहरू देहाय अनुसार रहेको छ :

(क) उपलब्ध स्रोत र साधनलाई नतिजा सँग आवद्ध गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन श्रोतको विनियोजन प्रक्रियाको पुनःसंरचना गरी विकास आयोजनाका प्राथमिकता प्राप्त विषयगत क्षेत्रका कार्यक्रममा मध्यम अवधिको लागि बजेट बाँडफाँट गर्ने,

(ख) प्राथमिकता प्राप्त आयोजना/कार्यक्रममा स्रोतको सुनिश्चितता गर्ने गरी समग्र अर्थतन्त्रको सबलीकरण हुने व्यवस्था मिलाउने ,

(ग) प्रदेशस्तरमा हुने सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टीगत आर्थिक स्थायीत्व प्राप्त गर्नका लागि सरकारी स्रोत, राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गर्ने,

(घ) खर्च गर्दा क्षेत्रगत प्राथमिकता अनुरुप विषयगत मन्त्रालय र सरकारका अन्य निकायहरू मार्फत संचालन हुने कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन गर्ने ,

(ङ) स्थानीय तहको सरकारलाई उपलब्ध गराउनु पर्ने अनुदान र राजस्व बाँडफाँट सहितको मध्यमकालिन खर्च अनुमानको खाका तयार गर्ने,

(च) प्रदेशका सम्वन्धित मन्त्रालय/निकायहरूको बजेट अनुमान वास्तविक बनाई प्रदेशस्तरमा हुने सार्वजनिक खर्चको प्रभावकारीता बृध्दि गरी लक्षित प्रतिफल प्राप्तिको सुनिश्चितता गर्ने,

## १.४ मध्यमकालिन खर्च संरचनाको वैधानिक तथा कानूनी आधार

नेपालको संविधानको धारा ५६ र ५७ ले तीनै तहलाई आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने समेतका अधिकार दिएको छ ।यसैगरी नेपालको संविधानको धारा २०७ ले प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेशसभा समक्ष राजस्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न सक्ने व्यवस्था गरेको छ । यसरी वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यसै गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहले अनिवार्य रुपमा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सो ऐनको दफा १७ अनुसार प्रदेश सरकारले यसै ऐनको दफा १६ अनुसारको खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने कानूनी व्यवस्था छ ।

यस्तो खर्च संरचनामा योजनाको उद्देश्य, योजनाको संभाव्यता अध्ययन वा खर्चको आवश्यकताको विवरण, कार्यान्वयन आगामी आर्थिक वर्ष तथा त्यसपछिका दुई वर्षमा प्राप्त हुने प्रतिफल र उपलब्धि, योजना लागू गर्न आवश्यक पर्ने खर्च विवरण, खर्च व्यहोर्ने स्रोत र प्रतिफल तथा उपलब्धि प्रक्षेपण, मध्यम अवधिको खर्च रणनीति र वार्षिक खर्चसँगको तादाम्यता, चालु आयोजना भए गत वर्षको खर्च र लक्ष्य प्राप्ति समेतका कुरा खुलाउनु पर्दछ ।

उल्लेखित कानूनी व्यवस्थालाई ध्यानमा राखी प्रदेश सरकारबाट यो मध्यमकालिन खर्च संरचना (आ.ब. २०८०/८१ - २०८२/२०८३) तर्जुमा गरिएको छ । माथि उल्लेख गरिएका कानूनी दस्तावेजका अतिरिक्त मधेश प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), प्रदेश योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ का साथै, प्रदेशको बजेट तर्जुमा दिग्दर्शन,२०७७ लाई समेत खर्च संरचना निर्माणका लागि आधारभुत दस्तावेजको रुपमा ग्रहण गरिएको छ। प्रदेशको खर्च संरचनालाई राष्ट्रिय सन्दर्भसँग जोडी यसलाई अझ बढी परिष्कृत र प्रभावकारी

बनाउन नेपाल सरकारको १५ औं आवधिक योजना, मध्यमकालिन खर्च संरचना,२०७९ लगायतका दस्तावेजलाई  सन्दर्भ दस्तावेजको रुपमा प्रयोग गरिएको छ।

## १.५ मध्यमकालिन खर्च संरचनाको संस्थागत व्यवस्था

प्रदेश आर्थिक कार्यविधी ऐन २०७४ को  दफा १३ को उपदफा २ (ख) अनुसार आर्थिक वर्षको बजेट अगावै प्रदेश सरकारले प्रदेश सभाबाट पारित गर्ने बार्षिक आयव्यय प्रस्ताव मध्यमकालिन खर्च संरचनाका आधारमा बनाउनु पर्ने व्यवस्था गरेको छ । वार्षिक बजेट प्रदेश सभामा ल्याउनु अघि खर्च संरचना सम्बन्धी तयारी टुङ्ग्याउनु पर्छ ।यसै व्यवस्थालाई कार्यान्वयन गर्नका लागि प्रदेश योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ मा निम्न अनुसारको संस्थागत व्यवस्था गरिएको छ ।

१.५.१ मध्यमकालिन खर्च संरचना तर्जुमा निर्देशक समिति

मध्यमकालिन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको निर्देशक समितिको व्यवस्था गरिएको छ

१) उपाध्यक्ष, नीति तथा योजना आयोग — संयोजक
२) सदस्यहरू नीति तथा योजना आयोग — सदस्य
३) प्रमुख सचिव/सचिव, मुख्यमन्त्री तथा म प कार्यालय — सदस्य
४) सचिवहरू, विषयगत मन्त्रालय — सदस्य
५) सचिव/प्रशासकीय प्रमुख, नीति तथा योजना आयोग — सदस्य सचिव

१.५.२  प्रदेश बजेट तथा श्रोत समिति

अर्थतन्त्रको आर्थिक परिसूचकहरूको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयारी, आगामी तीन आर्थिक वर्षको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा स्रोत सहितको मध्यमकालिन खर्च संरचना सीमा निर्धारण र बजेटको कार्यान्वयन स्थितिको समीक्षा गरी आगामी आर्थिक वर्ष  सहित तीन वर्षको बजेट प्रक्षेपण गर्ने देहाय बमोजिमको स्रोत समितिको व्यवस्था रहेको छ।

| | |
|---|---|
| उपाध्यक्ष, नीति तथा योजना आयोग | अध्यक्ष |
| सदस्य ,नीति तथा योजना आयोग | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव वा प्रशासकीय प्रमुख, नीति तथा योजना आयोग | सदस्य |

| | |
|---|---|
| प्रमुख, प्रदेश कार्यालय, नेपाल राष्ट्र बैंक | सदस्य |
| प्रमुख,प्रदेश लेखा नियन्त्रकको कार्यालय | सदस्य |
| प्रमुख, योजना तथा वजेट महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| उप सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

१.५.३ प्रदेश मध्यमकालिन खर्च संरचना प्राविधिक समिति

विषयगत निकायमा मध्यमकालिन खर्च संरचना तर्जुमा सम्न्धी कार्यको समन्वय लगायतका कार्य गर्न देहाय अनुसारको विषय क्षेत्रगत प्राविधिक समिति रहने ब्यबस्था रहेको छ ।

१ सचिव वा प्रशासकीय प्रमुख, नीति तथा योजना आयोग संयोजक

२ प्रमुख, योजना तथा बजेट महाशाखा, नीति तथा योजना आयोग सदस्य

३ प्रमुख, योजना तथा बजेट महाशाखा, अर्थ मन्त्रालय सदस्य

४ प्रमुख ,योजना तथा अनुगमन महाशाखा,सबै प्रादेशिक मन्त्रालय वा निकाय सदस्य

५ शा.अ.योजना तथा वजेट महाशाखा, अर्थ मन्त्रालय सदस्य सचीव

१.५.४ निकायगत मध्यमकालिन खर्च संरचना कार्यदल

सम्बन्धीत मन्त्रालय वा निकायको प्रत्येक क्रियाकलापको ईकाईगत लागत आकलन र परिमार्जनका साथै मन्त्रालय वा निकायको मध्यमकालिन खर्च संरचना तर्जुमा सम्न्धी कार्यको समन्वय गर्न बजेट सम्बधी कार्य गर्न देहाय अनुसारको कार्यदल रहने ब्यबस्था रहेको छ।

१, प्रमुख, योजना तथा बजेट महाशाखा, सवै मन्त्रालय वा निकाय सदस्य

२ प्रमुख,सम्बन्धित निकायको आ प्र शाखा प्रमुख सदस्य

३ सम्बधित निकाय अन्तर्गतको बिभागको कार्यालय प्रतिनिधि सदस्य

४ प्रमुख, योजना तथा वजेट शाखा सवै मन्त्रालय वा निकाय सदस्य सचिव

## १.८ मध्यमकालिन खर्च संरचना तर्जुमा प्रक्रिया

### १.८.१ त्रिवर्षीय स्रोत अनुमान

बजेट तथा श्रोत समितिको कार्यमा सहजिकरणकालागि मधेश प्रदेशको अर्थ मन्त्रालयले श्रोत अनुमान तथा मध्यमकालिन खर्च संरचना मस्यौदा समिति समेत गठन गरि मस्यौदा समितिलाई श्रोत अनुमानको प्रारम्भिक प्रतिवेदन तयारी गरी प्रदेश बजेट तथा श्रोत समितिमा पेश गर्ने कार्य जिम्मेवारी तोकिएको थियो । श्रोत समितिले प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, पहिलो आवधिक योजना, कुल गार्हस्थ उत्पादनको प्रक्षेपण, बित्तीय स्थिति, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजश्व प्रक्षेपण तथा कार्यगत नीति र प्रदेश सरकारको बिगत वर्षका आय व्यय तथा संघीय सरकारबाट प्राप्त हुने आयको अनुमानको प्राथमिकताको आधारमा प्रदेशको तीन वर्षको आयको प्रक्षेपण प्रदेश अर्थ मन्त्रालयमा मिति २०७९।११।११ को निर्णयानुसार पेश गर्यौं । स्रोत अनुमान समितिबाट गरिएको आयको प्रक्षेपण तथा यसका आधारहरु अनुसूची १ मा देखाइएको छ ।

### १.८.२ विषय क्षेत्रगत सीमा निर्धारण

मध्यमकालिन खर्च संरचना तर्जुमा गर्दा विषयक्षेत्रगत परिच्छेदका लागि आवधिक योजनाको आधारपत्रलाई आधार मानी विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य सहितको तीन वर्षको प्रक्षेपण गरिएको छ । मध्यमकालिन खर्च संरचना तर्जुमा र आयोजनाहरुको प्राथमिकता निर्धारण प्रदेश नीति तथा योजना आयोगद्वारा जारी प्रदेश योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ बमोजिम गरिएको छ ।विषय क्षेत्रगत सीमा निर्धारण गर्दा मन्त्रालय तथा निकायहरुका विगतका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था स्रोतको आवश्यकता र प्राथमिकताका क्षेत्रहरु पहिचान गरी मन्त्रालय गत सीमा निर्धारण गरियो। बजेट तयारीका मार्गदर्शान निर्माण गरी निकायहरुमा पत्राचार गरियो । विषय क्षेत्रगत मन्त्रालयहरुलाई उपलब्ध गराइएको बजेटको सीमा अनुसूची २ मा देखाइएको छ ।

### १.८.३ विषयक्षेत्रगत मध्यमकालिन खर्च संरचना तयारी

विनियोजन प्रक्षेपण गर्दा गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालिन खर्च संरचनाको आधारमा सम्बन्धित निकाय/मन्त्रालय, अर्थ मन्त्रालय र नीति तथा योजना आयोगले छलफल गरी आगामी तीन वर्षको खर्च प्रक्षेपण सहितको खाका तयार गरेको हो । यस्का लागि सम्बन्धित मन्त्रालयहरूले खर्च संरचना कार्यदलको संलग्नतामा मन्त्रालयगत रुपमा कार्यक्रमहरुको

नतिजा एवम् सूचक निर्माण र प्राथमिकता सम्बन्धी कार्यहरु सम्पादन गरी उपलब्ध गराएका छन् । ।

### १.८.४ मध्यमकालिन खर्च संरचनाको एकीकृत मस्यौदा तयारी

प्रस्तुत मध्यमकालिन खर्च संरचनामा आवधिक योजना तथा विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी विगतको उपलब्धि, आय र खर्चको प्रवृत्तिको विश्लेषणको आधारमा आर्थिक खाका तयार गरिएको छ । आर्थिक खाका तयार गर्दा गत आर्थिक वर्षको यथार्थ अवस्था, चालु आर्थिक वर्षको अनुमानित उपलब्धिको आधारमा आगामी आर्थिक वर्षको लक्ष्य निर्धारण गरिएको छ । त्यसैगरी वाँकी दुई वर्षको लक्ष्य निर्धारण गर्दा समते आवधिक योजनाको लक्ष्यलाई आधारको रुपमा लिइएको छ । विभिन्न समिति र क्षेत्रगत मन्त्रालय तथा समितिबाट प्राप्त नतीजा गत सूचक लक्ष्य को आधरमा त्रिवर्षीय प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचनाको एकीकृत मस्यौदा परामर्शदाताको सहजिकरणमा प्रदेश नीति तथा योजना आयोगले तयार गरेको छ। समग्रमा प्रदेश नीति तथा योजना आयोगबाट पुनरावलोकन गरी मध्यमकालिन खर्च संरचना तयार गरिएको हो ।

### १.८.५ मध्यमकालिन खर्च संरचनाको मस्यौदा स्वीकृति तथा प्रकाशन

समितिबाट तयार भएको मध्यमकालिन खर्च संरचना  आवश्यक छलफल गरी स्वीकृत पश्चात् अनुमोदनको निमित्त वार्षिक बजेट तथा कार्यक्रमको साथमा प्रदेश सभामा पेश तथा प्रकाशन गरिएको छ ।आथिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन अनुसार मध्यमकालिन खर्च संरचना अनिवार्य रुपले आय व्ययको विवरण सहित पेश गर्नु पर्दछ ।

# परिच्छेद २

# मध्यमकालिन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संविधानले लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गर्दै नेपाललाई समाजवाद उन्मुल राज्यको रुपमा परिभाषित गरेको छ । यस जगमा उभिएर समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने विषयलाई राज्यको प्रमुख आर्थिक उद्देश्य बनाइएको छ । यो आर्थिक उदेश्य हासिल गर्न नेपाल सरकारले राष्ट्रिय स्तरमा समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच अघि सारेको छ । यसै गरी मधेश प्रदेश सरकारले मधेशको पहिचान र गरिमालाई कायम विकासको मूलप्रवाहीकरण मार्फत अगाडि बढाउन पहिलो आवधिक योजनामा "उच्च मानव विकास र पहिचान – समृद्ध मधेश समाज " को सोच अगाडी सारेको छ । मूलभूत रूपमा यो सोच १५ औ योजनाको “समृद्ध नेपाल, सुखी नेपाली“ को दीर्धकालीन सोच कै समपूरक सोच हो भन्न सकिन्छ, किनकि दुवै सोच समग्रमा नेपाली जनताको समृद्धी कै सेरोफेरोमा घुमी रहेको छ ।

१५ औ योजनाले नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नती गर्ने र वि.सं. २०८७ अर्थात सन २०३० सम्म दिगो विकासका निर्धारित राष्ट्रिय लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने लक्ष लिएको छ । सामाजिक आर्थिक लगायत समग्र विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधनको विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन पालनामा कठोरता जस्ता तीनबटै पक्ष उतिकै प्रभावकारी हुनु पर्दछ। यी तीन वटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यकालीन खर्च संरचनालाई लिइएको छ ।यसको लागि मध्यमकालिन खर्च सरचनाले महत्वपूर्ण भुमिका खेल्दछ । मध्यमकालिन खर्च संरचनाले साधनको विनियोजनमा कुशलता र दक्षतापुर्वक गर्न सहयोग गर्छ । यसले योजना कार्यान्वयन र वित्तीय व्यबस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्ने प्रमुख औजारको रुपमा काम गर्दछ । यसै उपादेयतालाई मध्यनजर गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तीनै तहका सरकारले आ-आफ्नो तहको व्यबस्थापिकामा आगामी वर्षको वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा आगमाी तीन वर्षको खर्च संरचना समेत तर्जुमा गरी प्रस्तुत गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ । तसर्थ

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रयोजनार्थ आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चसंरचना तयार गरी प्रदेश सभामा प्रस्तुत गरिएको छ ।

प्रदेश सरकारको गठन पश्चात मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयद्वारा आ.व.२०७५/७६ मा प्रदेश स्तरीय पहिलो मध्यकालीन खर्च संरचना तयारीको अभ्यास गरिएको थियो । मधेस प्रदेश सरकारद्वारा नीति आयोगको गठन तथा कार्य संचालन गर्न बनेको ऐन २०७५ बमोजिम प्रदेश नीति आयोगको गठन २०७५ सालमा भए पश्चात् आर्थिक वर्ष २०७६/७७ प्रदेश नीति तथा योजना आयोग मार्फत मध्यमकालिन खर्च संरचना तयार गर्ने कामको शूरुवात भएको हो । यो मध्यमकालिन खर्च संरचना आर्थिक बर्ष २०८०/८१ र त्यो पछिका दुई आर्थिक बर्ष अर्थात् आर्थिक बर्ष २०८१/८२ र २०८२/८३ का लागि तयार पारिएको हो । यो दस्ताबेज तयार गर्दा पनि नेपालको संविधान, अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ र मधेस प्रदेश को पहिलो आवधिक योजना लगायत प्रदेश सरकारका विद्यमान नीति समेत सँग सामन्जस्य हुने गरी तर्जुमा गरिएको छ । यसमा प्रदेश आवधिक योजनाका सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवं प्रदेश सरकारका नीति र प्राथमिकता लगायत दिगो विकास लक्ष्य समेतलाई मार्गदर्शनको रुपमा ग्रहण गरिएको छ ।

## २.२ प्रमुख चुनौति र अवसर

आवधिक योजनाले इंगीत गरेका प्रमुख चुनौतीहरु र अन्य निम्न चुनौती समेत को आधारलाई यो मध्यमकालिन खर्च संरचनामा समेटिएका छन्

- कृषि उत्पादनमा अपेक्षित वृद्धि भै नसकेकाले कृषिजन्य उद्योगहरुलाई पुर्नस्थापन र संचालन गर्न,
- जलवायु परिवर्तनका कारणले गर्दा वाढि र वर्षामा पानीको जमाव र उत्पन्न कटान तथा विपद जोखिम कम गर्न ,
- चुरे क्षेत्रको अत्याधिक दोहनका कारण निम्त्याइएको विनासले प्राकृतिक विपदको तुलनामा लगातार वृद्धि भै यसको नकारात्मक प्रभाव पार्नु,
- अन्तरप्रदेश तीव्र वसाई सराईको कारण कृषि क्षेत्र र वन क्षेत्रको उचित संरक्षण एवम् व्यवस्थापन गर्न नसक्नु,

- खासगरी युवाहरुमा रोजगारीका निम्ति विदेश जाने प्रवृतिका कारण श्रम वजारमा श्रमको माग र आपूर्ति विच सन्तुलन मिलाउन नसक्नु,
- संघीय राज्य व्यवस्था नौलो भएकाले तीनै तहका सरकार विच कार्य विभाजनमा अझै अस्पष्टता हुनु,
- प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरुलाइ आर्थिक पक्षसग जोड्न नसक्नु,
- औद्योगिक वजार प्रवद्र्धनका लागि भौतिक पूर्वाधारहरुको पर्याप्त व्यवस्था नहुनु र भएकाको हकमा पनि उचित मर्मत संभार नहुनु,
- मानवीय पूजिँ निर्माणका निम्ति गुणस्तरीय शिक्षा र स्वास्थ्यको सहज पहुँच नहुनु,
- अन्धविश्वास, कुरीति र घरेलु हिंसा हटाउन सामाजिक विश्वास बनाई शान्ति सुरक्षा कायम राख्नु,
- स्वीकृत दरवन्दी अनुसार कर्मचारीको व्यवस्था हुन नसकेको लगायतका कारणले गर्दा खासगरी पूजीगत बजेट खर्चको स्थितिमा सुधार हुन नसक्नु।
- दिगो विकास लक्ष्य तोकिएको समयमा हासिल गर्न बजेट पर्याप्त र सन्तुलित नहुनु।

यी चुनौतिका साथै प्रदेशलाई निम्न अवसर पनि प्राप्त छन्ः

- केन्द्र देखि प्रदेश स्थानीय तह सम्म स्थीर सरकार रहेकाले राजनैतिक वातावरण अनुकुल हुनु,
- नतिजामूखि योजना व्यवस्थापनलाई स्थानीय सरकारले अवलम्वन गर्न थाल्नु,
- अर्थ व्यवस्थालाई चलायमान राख्न आवश्यक उत्पादन र खपत तथा श्रम शक्तिको दृष्टिकोणले प्रदेशको जनसंख्या सवल रहनु,
- प्रदेशमा औद्योगिक पुर्वाधारको स्थिति राम्रो रहनु,
- समथर भूभाग भएकाले प्रदेशमा सडक मार्ग, रेलमार्ग जस्ता पूर्वाधार निर्माण गर्न सजिलो हुनु,
- कृषि क्षेत्रलाइ यान्त्रिकरण, विविधिकरण र व्यवसायिकरण गरेर कृषि पेशालाई मर्यादित बनाई यस क्षेत्रमा युवाहरुलाइ आकर्षण गर्न सकिने अवसर रहनु,
- पर्यटन तथा धार्मिक क्षेत्रको विकासका प्रचुर संभावना रहनु,

- कृषि लगायत औद्योगिक श्रम शक्तिको अभाव पूर्ति गर्न र प्रादेशिक अर्थतन्त्रका लागि आवश्यक सीप र क्षमता भएका जनशक्तिहरु उपलव्ध हुनु,
- राजश्वमा हुने वृद्धिको सकारात्मक आकलन,
- बिभिन्न दातृ निकायले चासो राखेर बिभिन्न क्षेत्र मा प्रदेश सरकारलाई सहायता प्रदान गर्ने प्रतिबद्धता आउने क्रममा वृद्धि हुनु,
- संघीय,प्रदेश तथा स्थानीय जन प्रतिनिधिको दोश्रो कार्यकालको चुनाब सम्पन्न भै पाँच वर्ष सम्मका लागि निर्बाचित जन प्रतिनिधि रहने सुनिस्चितता हुनु आदि।
- दिगो विकास लक्ष्य अनुरुप बजेट र कार्यक्रमको साङ्केतीकरण भएकोले उपलव्धीको लगत राख्न सहज हुने जसले गर्दा कुन लक्ष्यका लागि बजेट कम भयो भन्ने जानकारी हुनु।

## २.३ दीर्घकालीन सोच, लक्ष्य, परिमाणात्मक लक्ष र समग्र रणनीति :

प्रदेशको पहिलो आवधिक योजनामा उल्लेखित प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र समग्र रणनीति देहाय बमोजिम रहेकोले यो मध्यमकालिन खर्च संरचनामा पनि यी कुराहरू लाई आधार लिईएको छ ।

**२.३.१ "*उच्च मानव विकास र पहिचान – समृद्ध मधेश समाज* "**

प्रदेशको पहिलो आवधिक योजना तयार पार्दा प्रदेशको सोच निर्माणमा देहायका प्रमुख गन्तब्यलाई दृष्टिगत गरिएको देखिन्छ।

- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि र खाद्य बचतद्वारा अन्तरप्रदेश माग आपूर्तिमा योगदान,
- प्रदेशभर उपलब्ध कृयाशील उमेरका जनसङ्ख्या समूहका जनशक्तिकालागि रोजगारी सृजना,
- औद्योगिकरणमा स्थानीय उत्पादन आबद्ध,
- गुणात्मक स्वास्थ्य, शिक्षामा लगानी,

**२.३.२ लक्ष्य**

- प्रदेशवासिको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन उच्च आर्थिक वृद्धिदर हासिल गर्ने ।

### २.३.३ आवधिक योजना अवधिमा हासिल हुने परिमाणात्मक लक्ष्य

आवधिक योजनाको ५ बर्षे योजनाको अन्तमा हासिल हुने अवस्था र परिमाणात्मक लक्ष्य निम्न तालिका अनुसार रहेका भएतापनि माथि उल्लेख गरिएका कारणले गर्दा ती लक्ष्य भने पूरा हुने भने देखिदैनन् ।

**तालिका १** : आवधिक योजना अबधिमा हासिल हुने परिमाणात्मक लक्ष्य*

| | **आधार वर्ष २०७५/७६** | **अन्तिम वर्ष २०८०/८१** |
|---|---|---|
| प्रादेशिक आर्थिक बृद्धि दर (% ) | ६.५३ | ११ |
| समग्र गरिवी दर ( % ) | २७.७ | २१ |
| कुल गार्हस्थ उत्पादन ( रूपैया ) | ४८८ अर्ब | ६०० अर्ब |
| गैर कृषि कृयाकलापहरूको योगदान( %) | ५८ | ६५ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ७९९ | १००० |
| बाल मृत्युदर (प्रति हजार ) | ९ | ७ |
| खानेपानी सुविधा पुगेका घरपरिवार (%) | ९३.८ | ९९ |
| सिंचाईयोग्य क्षेत्रमा सिंचाई सुविधा (%) | ६५.८ | ७५ |

*श्रोत प्रदेशको आवधिक योजना

### २.३.४ समग्र रणनीति :

आवधिक योजनाका लक्ष्यहरू हासिल गर्न अपनाईएका रणनीतिहरू देहाय अनुसार रहेका छन्:

- आर्थिक आत्मनिर्भरताको स्थिति निर्माण गर्न तुलनात्मक लाभ हुनसक्ने स्थानीय कृषिबाली र आधारभूत खाद्यवस्तुको उत्पादनमा बृद्धि गर्ने ।

- कृषि तथा उद्योग क्षेत्रमा सृजना भएका स्थानीय रोजगारी र सम्भाव्य रोजगारी क्षेत्रका लागि चाहिने क्षमता र सीपयुक्त जनशक्ति निर्माण र विकासमा लगानी गर्ने ।
- विद्यमान सडक सञ्जालको उपयोग हुनेगरी आर्थिक सम्भावनाका आधारमा कृषि, पर्यटन क्षेत्रलाई सम्बोधन गर्ने उद्योग स्थापना र सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरण गरि कृषिजन्य उद्योगलाई विकासको संवाहक बनाउने ।
- कृषि अनुसन्धान क्षेत्रमा आधुनिक तथा नवीनतम प्रविधि विकास गरीने ।
- चुरीया क्षेत्रलाई जलसंरक्षणका लागि आधारस्तम्भ मानी जलसंरक्षणलाई प्रतिकुल असर गर्ने कृयाकलाप रोकथाम हुने गरी भूसंरक्षण तथा उपयोग नीति बनाईने ।
- अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई रोजगारी र उद्यमशीलतामूलक बनाउने ।
- शैक्षिक सामाजिक चेतनास्तर कमजोर रहेको जातीय समूह, समुदायका लागि स्थानीय रुपमा उपलब्ध अवसरहरुमा विशेष प्राथमिकता दिने ।
- स्थानीय तथा भारतीय पर्यटकको साँस्कृतिक र धार्मिक अभिरुची सम्बोधन हुने गरी सबै मौसममा चलायमान पर्यटन र मनोरञ्जन स्थल निर्माण तथा विकास गर्ने ।
- अन्तरप्रदेश तीब्र बसाई सराईको व्यवस्थापनका लागि प्रदेशले आफ्नो क्षेत्रको भूमि सम्वन्धि नीति बनाउदा स्थानीय तहहरूलाई भूउपयोग योजना तर्जुमा गर्न प्रोत्साहित गर्ने र एकीकृत बस्ती विकासको रणनीति लिने ।
- कृषि योग्य भूमि र वन क्षेत्रको संरक्षण गर्न एवं युवाहरूलाई कृषि पेशा तर्फ आकर्षित गराएर विभिन्न कार्यक्रम संचालन गर्ने ।
- प्रादेशिक विकास सन्तुलनमा योगदान गर्ने आयोजनाहरुलाई मात्र प्रदेश गौरवका आयोजनाका रुपमा छनोट गरी कार्यान्वयनमा प्राथमिकता दिने ।

## २.४ मध्यमकालिन आर्थिक खाका

प्रदेश सरकारले पहिलो आवधिक योजना आर्थिक वर्ष ०७६/०७७ देखि आर्थिक वर्ष ०८०/०८१ सम्मको लागी तयारी गरी कार्यान्वयनमा ल्याएको छ । आवधिक योजनाको कार्यान्वयनको शुरुवाती अवस्थामामै नै विश्वव्यापी स्पमा आएको कोभिड १९ ले नेपाल लगायत विश्वकै अर्थतन्त्रलाई प्रभावित पारे । यसैगरी कोभिडको प्रभाव न्यून नहुदै आर्थिक वर्ष ०७९/०८०

मा मौद्रिक नीतिले केही वस्तुको आयातमा लगाएको प्रतिबन्ध ,नेपाली रुपैयाको अवमूल्यन तथा बजारमा भएको वस्तुको मूल्य बृद्धिको मारले विस्तारै सुधारको संकेत देखाएको अर्थतन्त्रमा मन्दीको प्रभाव पुनः देखा पर्न थाले । तसर्थ आवधिक योजनाले निर्धारण गरेको आर्थिक बृद्धिदरको लक्ष्य लगायत कतिपय लक्ष्यलाई हालको अवस्थामा पुरा गर्न सकिने अवस्था नरहेको देखिन्छ । मध्यमकालिन आर्थिक खाकामा आवधिक योजनाले लिएको महत्वपूर्ण लक्ष्य लगायत केही आर्थिक सूचकको आधारमा प्रादेशिक अर्थतन्त्रको अवस्थालाई चित्रण गर्दै आ.व. ०७८/७९ को यथार्थ उपलब्धि र ०७९/०८० को अनुमानित उपलब्धि तथा अगामी दिनमा सार्वजनिक, निजी र सहकारिताको माध्यमबाट योजनाको सफल कार्यान्वयन मार्फत प्राप्त गर्न सक्ने भावी तीन वर्षको लक्ष्यहरु निर्धारण गरिएका छन् ।

**तालिका २ : मध्यमकालिन अर्थिक खाका**

| क.स. | सुचक | २०७८/२०७९ को उपलब्धि | २०७९/२०८० को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १ | वार्षिक औसत अर्थिक बृद्धि दर | ४.६३ | १.६९ | ५.० | ६.० | ७.० |
| २ | अर्थतन्त्रमा क्षेत्रगत योगदान प्रतिशतमा | | | | | |
| | कृषि | ३५.८७ | ३५.३६ | ३५.२६ | ३५.९८ | ३५.९८ |
| | उद्योग | ११.९७ | ११.२८ | १२.२४ | १२.५ | १३.०० |
| | सेवा | ५२.१६ | ५३.३६ | ५२.५० | ५१.५२ | ५१.०२ |
| ३ | प्रतिव्यक्ति आय अमेरिकी डलर | ८६८ | ८७५ | ९५० | १००० | ११०० |
| ४ | राष्ट्रिय कुल ग्राहस्थ्य उत्पादनमा प्रदेशको योगदान | १३.१८ | १३.१५ | १४.० | १४.५ | १५.० |
| ५ | बहुआयामिक | २४.२ | २१.० | २०.० | १९.० | १८.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरिबीको दर | | | | | |
| ६ | बैक तथा बितिय संस्थाको संख्या | १७४५ | १७७१ | १८०० | १८२० | १८५० |
| ७ | कुल निक्षेपमा प्रदेशको अंश | ५.१ | ५.४५ | ५.७ | ६.० | ६.५ |
| ८ | कुल कर्जामा प्रदेशको अंश | ९.१७ | ९.४५ | ९.७ | १०.० | १०.५ |
| ९ | उद्योगको दर्ता संख्या | ५७२ | ६११ | ६३० | ६५० | ६६० |
| १० | उद्योगमा लगानी रु अर्बमा | १४१.७ | १७०.८ | २००.५ | २५०.२ | ३००.५ |

श्रोत: **केन्द्रीय तथ्यांक बिभाग** २०८०, आर्थिक सर्वेक्षण २०८०

## २.५ मध्यमकालिन नतिजा खाका

आवधिक योजनाले लिएको प्रादेशिक उपलब्धि तथा लक्ष्यहरुलाई सम्बोधन गर्दै यसमा देखिएको प्रगति तथा भावी वर्षहरुमा प्राप्त गर्न सकिने उपलब्चिहरुको आधारमा आगामी तीन वर्षको नतिजा खाका निर्माण गरिएको छ । यस खाकामा विषयगत निकाय तथा मन्त्रालयहरुबाट प्राप्त प्रगतिहरु लाई समावेश गरी नतिजाको अन्तिम खाका तयार गरिएको छ ।

**तालिका ३ : मध्यमकालिन नतिजा खाका**

| क.स. | सुचक | २०७८/२०७९ को उपलब्धि | २०७९/२०८० को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| १ | औसत आयु बर्ष जन्महुंदाको बखत | ६८.९ | ७० | ७०.५ | ७१ | ७१.५ |
| २ | मातृ मृत्यु दर प्रति | १४० | १४० | १३९ | १३८ | १३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १००००० जीवित जन्ममा | | | | | |
| ३ | ५ बर्ष मूनिका बाल मृत्यु दर प्रति हजार जिबित जन्म | १९ | १८ | १८ | १७ | १६ |
| ४ | खानेपानी सुविधा पुगेका घरपरिवार प्रतिशत | ९३.३५ | ९४.९३ | ९५ | ९६ | ९७ |
| ५ | साक्षरता दर प्रतिशत | ६३.५ | ६५.५ | ६७.५ | ६९.५ | ७१.५ |
| ६ | विद्‌यार्थी खुद भर्नादर प्रतिशत आधारभत तह - कक्षा १-८ | ९३.५९ | ९६.३ | ९६.८ | ९९ | ९९.५ |
| ७ | विद्‌यार्थी खुद भर्नादर प्रतिशत माध्यमिक तह कक्षा ९-१२ | ५१.४ | ६२.२ | ६३ | ६४ | ६५ |
| ८ | सौचालय सुविधा प्रतिशत | ८८ | ९० | ९२ | ९४ | ९५ |
| ९ | खाद्यान्न उत्पादन मे.टन. | १९८६३०० | | २०८५६१५ | २१८९८९६ | २२९९३९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | सडकको लम्वाई कि मी | ६००२ | ६०६० | ६२५० | ६५०० | ७००० |
| ११ | रेल यातायात कि मी | ५६ | ५६ | ६५ | ६८ | ६९ |
| १२ | आर्थिक रुपले सक्रिय जनसंख्या प्रतिशत | ५७.२ | ५९.५ | ६१.५ | ६३.५ | ६६.५ |

श्रोत: **केन्द्रीय तथ्यांक बिभाग** २०८०, आर्थिक सर्वेक्षण २०८०

## २.६ मध्यमकालिन खर्च संरचनाको बजेट खाका

### २.६.१ **श्रोत प्रक्षेपणका आधारहरु**

मध्यमकालिन खर्च संरचनाको श्रोत आंकलन, बजेट अनुमान र प्रक्षेपण गर्दा देहायका आधारहरु  अवलम्बन गरिएको छ ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारले संकलन गर्ने अधिकार क्षेत्र भित्र रहेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रकमको १५ % बाँडफाँट अनुमान र प्रक्षेपण ।
- रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत) बाट संकलन भएको राजस्व रकमको २५ % अनुमान र प्रक्षेपण ।
- भूमिसुधार तथा व्यवस्थापन विभाग अन्तर्गत मालपोत कार्यालयहरू मार्फत संकलन हुने राजस्व मध्ये जग्गा खरिद बिक्रि वापत प्राप्त रजिष्ट्रेशन दस्तुर रकम  ।
- प्रदेश यातायात व्यवस्था कार्यालयहरु मार्फत संकलन गरीने राजस्व रकमबाट प्राप्त हुने सवारी साधन कर रकम  ।
- स्थानीय तहहरुबाट संकलन हुने विज्ञापन कर तथा मनोरञ्जन करको अनुमान  ।
- प्रदेश कानून अनुसार संकलन हुने दण्ड जरिवाना ।

- संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकम ।
- समपुरक अनुदान, सशर्त अनुदान, वैदेशिक सहयोग तथा प्राकृतिक स्रोत साधनको बाँडफाँटबाट प्राप्त हुने रकम ।
- प्रदेशका क्षेत्राधिकार भित्रका सेवा शुल्क र दस्तुर वापतको रकम।
- नेपाल सरकारबाट आ.व. २०८०/८१ मा प्राप्त हुने विभिन्न अनुदान रकमलाई आधार मानी सो पछिका दुई आर्थिक बर्षहरुका लागि पनि सोही अनुसारका दरले अनुदान रकम थप गर्दै लगिएको छ । नेपाल सरकारले संकलन गर्ने राजस्वको वृद्धिदर र बढदो बजेट आकारका आधारमा यो वृद्धि दरलाई लिईएको छ ।
- प्रदेश सरकारबाट परिचालन हुने कर तथा गैर कर राजस्वको वृद्धिदर आ.व. २०८१/८२ र २०८२/८३ मा १० प्रतिशत भन्दा माथि नै हुने अनुमान गरि श्रोतको प्रक्षेपण गरिएको छ ।
- आन्तरिक ऋणको सन्दर्भमा नेपाल सरकारको सहमतिमा उल्लेखित रकम परिचालन गर्न सकिने व्यवस्था बमोजिम आन्तरिक ऋणको प्रक्षेपण गरिएको छ।
- मधेश प्रदेशले A Report on SDGs: Baseline and Roadmap (२०१९-२०३०) प्रकाशन गरेको छ। बजेटको अनुमान तथा प्रक्षेपण गर्दा त्यसमा उल्लेखित आधारहरुलाई पनि मनन् गरिएको छ।

## २.६.२ आय अनुमान

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ बमोजिम गठन भएको श्रोत अनुमान समितिबाट निर्धारित श्रोत तथा खर्च सीमाको अधिनमा रहि आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा मार्गदर्शन सवै मन्त्रालय/निकायहरूमा पठाउने व्यवस्था अनुसार प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा गठित स्रोत अनुमान समितिले चालु आर्थिक बर्षमा भएको खर्च समेतलाई मध्यनजर गरी प्रदेशको आन्तरिक र बाह्य आम्दानी जम्मा रू ३५,२०,६५,९३,००० हुने अनुमान गरिएको थियो । यसमा आन्तरिक राजस्व बाट रू ४,३७,८१,०३,०००, राजस्व बाडफाट बाट रू ११,३८,१९,००,०००, समानिकरण अनुदान बाट रू १७,६१,६५,९०,००० र आन्तरिक ऋण बाट रू १,८३,००,००,००० प्राप्त हुने अनुमान गरिएको थियो।

**तालिका** ४ :श्रोत अनुमान समितिबाट गरिएको आगामी तीन वर्षको आय अनुमान

| आगामी तीन वर्षको आयको अनुमान (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| सि.न. | शिर्षक | आ.व. २०८०/८१ को आयको अनुमान | आ.व. २०८१/८२ को आयको अनुमान | आ.व.२०८२/८३ को आयको अनुमान |
| १ | आन्तरिक राजस्व | ४३७८१०३ | ४१८५९१३.३ | ५२९७५०४.६३ |
| २ | नेपाल सरकार अनुदान | १७६१६५९० | १९३७८२४९ | २१३१६०७३.९ |
| ३ | बाँडफाँड हुने राजस्व | ११३८१९०० | १२५२००९० | १३७७२०९९ |
| ४ | आन्तरिक ऋण | १८३०००० | १८३०००० | १८३०००० |
| | **जम्मा** | **३५२०६५९३** | **३८५४४२५२.३** | **४२२१५६७७.५३** |

आगामी आर्थिक वर्षको लागी संघीय सरकारबाट प्राप्त हुने अनुदानका सीमा प्राप्त नभइ सकेको तर बजेट बनाउने कार्य गर्नुपर्ने भएकोले अनुदान रकम यकीन भएपछि बजेटमा थपघट संशोधन गर्ने गरी प्रथम चरणमा मन्त्रालय तथा निकायहरुमा दायित्व सिर्जना भएका बहुवर्षीय तथा क्रमागत आयोजनाहरुको लागी स्रोतको सुनिश्चता गरियो ।

तालिका न. ४ मा उल्लेख भए बमोजिम आयको अनुमान गरिएकोमा चालु आर्थिक वर्षको यथार्थ खर्चको आधार तथा गत विगतमा भएको खर्च लाई पूनः मध्यनजर गर्दै चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित नगद मौज्दात रु १२ अर्ब ९० करोड ११ लाख र संघीय सरकारबाट प्राप्त हुने अनुदान समेत यकीन भएकोले स्रोत अनुमानमा संशोधन गरी आगामी आर्थिक वर्षको लागी गरी तलिका न. ५ मा उल्लेख भए अनुसारको आयको अनुमान तथा बजेट सिलिङ्ग निर्धारण गरियो ।

**तालिकाः ५** श्रोत अनुमान समितिबाट गरिएको संशोधित आगामी तीन वर्षको आय अनुमान

| आगामी वर्षको आयको अनुमान (रु. हजारमा) | | |
|---|---|---|
| सि.न. | शिर्षक | आ.व. २०८०/८१ को आयको अनुमान |

| | | |
|---|---|---|
| १ | आन्तरिक राजस्व | ४,३७,८१,०२ |
| २ | समानीकरण अनुदान | ७,४१,५०,०० |
| ३ | समपूरक अनुदान | ९८,००,०० |
| ४ | विशेष अनुदान | ४९,००,०० |
| ५ | संघीय सरकारबाट प्राप्त सर्शत योजनाका लागी प्राप्त अनुदान | ४,५६,८५,०० |
| ६ | बाँडफाँड हुने राजस्व | ११,३८,१९,०० |
| ७ | नगद मौज्दात | १२,९०,११,३० |
| ८ | आन्तरिक ऋण | २,००,००,०० |
| | **जम्मा** | **४४,११,४६,३२** |

प्रदेश सरकारको अधिकार क्षेत्र भित्रको कर, दस्तुर र अन्य शुल्कहरुका आधार बर्ष आ.व. २०७८/७९ को यथार्थ आन्तरिक राजस्व र वाहय अनुदान वापतको शिर्षकगत आय , आ.व. २०७९।८० को संशोधित आय र आगामी आ.व. २०८०/८१ को अनुमानित २०८१/२०८२ र २०८२/२०८३ को प्रक्षेपित आयको विवरण अनुसूची १ मा देखाइएको छ ।

**बजेट सीमा र मार्गदर्शन मन्त्रालय / सचिवालय / निकायहरूलाई** बजेट **सिलिङ्ग**

आर्थिक वर्ष २०८०/८१ मा श्रोत अनुमान समितिको पुर्ब निर्णयको आधारमा तालिका २ मा उल्लेख भए अनुसार चालु तथा पुँजीगत बजेटको सिमा निर्धारण गरिएको छ ।

**तालिका**- ६ **मन्त्रालय / सचिवालय / निकायहरूलाई उपलव्ध गराईएको वजेट सीमा**

**( रू लाखमा )**

| **क्र. सं.** | **मन्त्रालय/ सचिवालय / निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा बजेट सिलिङ** |
|---|---|---|---|---|
| १ | प्रदेश सभा | ३७०२८५ | ४४००० | ४१४२८५ |
| २ | प्रदेश लोक सेवा आयोग | ९८२९७ | २७९१९ | १२६२१६ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३२६८७ | ४४०० | ३७०८७ |
| ४ | मुख्यमन्त्री तथा मं.प. कार्यालय | ४४६५४५ | ९४३४२ | ५४०८८७ |
| ५ | अर्थ मन्त्रालय | ३०४७२२ | ३१९३० | ३३६६५२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय | २६०५११ | १३८६२५५ | १६४६७६६ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२९७५७२ | १३३०९५५ | २६२८५२७ |
| ८ | ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय | १३९१९३६ | ४६००५२७ | ५९९२४६३ |
| ९ | गृह, सञ्चार तथा कानून मन्त्रालय | १७१२२० | ४५७६७४ | ६२८८९४ |
| १० | वन तथा वातावरण मन्त्रालय | १०३३६२६ | ७९७१७६ | १८३०८०२ |
| ११ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०१०३१७ | १११८०५०१ | १२१९०८१८ |
| १२ | शिक्षा तथा समाज कल्याण मन्त्रालय | १७९८५१८ | २०५०६०७ | ३८४९१२५ |
| १३ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ३५१०८१३ | १९६२६६५ | ५४७३४७८ |
| १४ | श्रम तथा यातायात मन्त्रालय | ७६२५१८ | २१८०६७ | ९८०५८५ |
| १५ | प्रदेश नीति तथा योजना आयोग | १००००० | १०००० | ११०००० |
| १६ | अर्थ बिबिध | ३७३५७४३ | १५००००० | |
| १७ | अर्थ — आन्तरिक ऋण भूक्तानी | २००००० | | २००००० |
| १८ | स्थानीय तह तथा अन्य | १८९२३०४ | | १८९२३०४ |
| | **जम्मा** | **१८४१७६१४** | **२५६९७०१८** | ४४११४६३२ |

चालु आ.व. २०७९।८० मा स्वीकृत कार्यक्रम तथा आगामी आ.ब.मा समेत निरन्तरता दिनु पर्ने कार्यक्रमहरू प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ अनुसार मन्त्रालयहरूको संख्या र कार्यक्षेत्र अनुसारनै मन्त्रालयहरूको बजेट व्यवस्था हुनेगरी मध्यमकालिन खर्च संरचनामा उल्लेख गरिएको छ ।

## २.६.३ त्रि-वर्षिय खर्च प्रक्षेपणः

### २.६.३.१ ग्राहस्थ उत्पादनको बृध्दि दर र संरचना तथा आर्थिक बृध्दि दर

**क) आवधिक योजनाले प्रक्षेपण गरेको आर्थिक चित्रण :**

मधेश प्रदेशको आ.व. २०७५।७६ को आर्थिक बृद्धि दर ६.५३ % रहने प्रक्षेपणलाई आधार मानी पहिलो आवधिक योजनाको ५ वर्षे अवधिका लागि प्रदेशको ग्राहस्थ उत्पादनमा निम्न अनुसार गरिएको प्रक्षेपण पनि **हाल सम्मको स्थितिमा मेल खाने नदेखिदा** आर्थिक वर्ष २०८२/८३ मा यस्तो बृद्धि दर ७ प्रतिशत भन्दा माथि जाने देखिदैन ।

**तालिका ७:क्षेत्रगत मुल्य अभिवृद्धि र ग्राहस्थ उत्पादन प्रक्षेपण (आर्थिक बर्ष २०७५/७६को स्थीर मुल्यमा)***

**(रु. अर्ब मा)**

| आ.व. | कृषि | उद्योग | सेवा | कूल | बृध्दि प्रतिशत |
|---|---|---|---|---|---|
| २०७५।७६ आधार वर्ष | १७७.८० | ५७.७८ | २०८.९१ | ४४४.४९ | ६.५३% |
| २०७६।७७ | १८५.४८ | ६४.२१ | २२५.९१ | ४७५.६० | ७ .०% |
| २०७७।७८ | १९५.१९ | ७१.९१ | २४६.५५ | ५१३.६५ | ८.०% |
| २०७८।७९ | २०७.१६ | ८१.१८ | २७१.५४ | ५५९.८८ | ९.० % |
| २०७९।८० | २२१.७१ | ९२.३८ | ३०१.७८ | ६१५.८७ | १०% |
| २०८०।८१ | २३९.२७ | १०५.९६ | ३३८.३९ | ६८३.६२ | ११% |

*श्रोतः मधेस प्रदेशको प्रथम आवधिक योजना

## ख) प्रदेशको आर्थिक बृध्दि दरको प्रक्षेपण र यथार्थ अवस्था

आवधिक योजनाको ५ वर्षको अवधिमा कृषि, उद्योग र सेवा क्षेत्र गरी प्रदेशले औसतमा आर्थिक ९ % बृद्धिदर दर हासिल गर्ने लक्ष्य राखेको थियो । क्षेत्रगत रूपमा योजना अवधिमा कृषि, उद्योग र सेवा क्षेत्रमा क्रमस ६.१२ र १०.२ प्रतिशत बृद्धि हुने लक्ष्य रहेको थियो ।गत आ.व.मा प्रदेशको कुल गार्हस्थ उत्पादनको बृद्धिदर ४.६३ प्रतिशतले रहेको थियो । यो बर्ष प्रदेशको औसत बृद्धि दर १. ६९ प्रतिशत र राष्ट्रिय औसत बृद्धि दर १.८६ प्रतिशतमा हुने अनुमान गरिएको छ । २०७९/२०८० मा कोभिड १९ बाट अर्थान्त्रमा केही सुधारको अवस्था आए पनि राष्टबैकको मौद्रिक नीतिको कारण आयातमा आधिरित राजस्व कम हुन गयो । यस्तै प्रदेशमा मालपोत बाट प्राप्त हुने रकम किताकाट बन्द भए पश्चात कम हुन पुग्यो यसको प्रत्यक्ष प्रभावहरु अर्थतन्त्रमा देखा पर्न थाले फलस्वरुप गत आर्थिक वर्ष सुधारोउन्मुख रहेका अर्थतन्त्रको आर्थिक बृद्धिदर क्रमश अरालो तीर लागेको देखिन्छ ।

आर्थिक मन्दीका कारण सोचे अनुरुप रोजगारीका अवसरहरु प्रर्याप्त मात्रामा उपलब्ध हुन सकेन । प्रदेशको आवधिक योजनामा भने योजना अवधिभरकालागि प्रक्षेपित आर्थिक वृद्धिदरको अनुमान तल उल्लेख गरिए अनुसारको हुने भएपनि यथार्थमा यस्तो आर्थिक वृद्धिदर हुने स्थिति छैन ।

तालिका ८ : प्रदेशको आर्थिक वृद्धिदर (%)*

| आ.ब. | कृषि % | उद्योग % | सेवा % | कूल % |
|---|---|---|---|---|
| २०७६।७७ | ४.३ | ११.१ | ८.१ | ७.० |
| २०७७।७८ | ५.४ | १२.० | ९.१ | ८.० |
| २०७८।७९ | ६.१ | १२.९ | १०.१ | ९.० |
| २०७९।८० | ७.० | १३.८ | ११.५ | १०.० |
| २०८०।८१ | ७.९ | १४.७ | १२.१ | ११.० |
| औसत | ६.१ | १२.९ | १०.२ | ९.० |

श्रोतः मधेस प्रदेशको प्रथम आवधिक योजना

आवधिक योजनाले प्रक्षेपण गरे अनुसार प्रदेशको आर्थिक वृद्धि हुने स्थिति नरहेपनि प्रदेशको नीति तथा कार्यक्रमहरूमा कतिपय रोजगारमूलक कार्यक्रमहरू समेत समावेश गरिएकाले शिथिल रहेको अर्थतन्त्रमा आगामी दिनमा केही सुधारको अपेक्षा भने रहेको छ ।

केन्द्रीय तथ्यांक विभागले केही समयअघि सार्वजनिक गरेको विवरणमा भने यो वर्ष प्रदेशगत रूपमा सातै प्रदेशको निम्न क्षेत्रमा निम्न अनुसारको आर्थिक वृद्धिदर हुने अनुमान देखाएको छ ।

**तालिका ९ : प्रदेशको आर्थिक बृध्दि दर (%)**

| प्रदेश | सेवा क्षेत्र | उद्योग क्षेत्र | प्राथमिक क्षेत्र | जम्मा |
|---|---|---|---|---|
| कोशी प्रदेश | ५०.० | १६.५ | ३३.६ | १०० |
| मधेश प्रदेश | ५३.४ | ११.३ | ३५.४ | १०० |
| बागमती प्रदेश | ७७.४ | १०.७ | ११.९ | १०० |
| गण्डकी प्रदेश | ५६.० | १७.४ | २६.६ | १०० |
| लुम्वीनी प्रदेश | ५५.५ | १४.१ | ३०.३ | १०० |
| कर्णाली प्रदेश | ५८.९ | १०.१ | ३१.० | १०० |
| सुदुर पश्चीम प्रदेश | ५३.१ | १३.२ | ३३.७ | १०० |

| | | | | |
|---|---|---|---|---|

श्रोतः **केन्द्रीय तथ्यांक बिभाग** २०७९/२०८०

मधेश प्रदेशमा आ.व. २०७९/२०८० मा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५३.४ प्रतिशत रहने अनुमान रहेको छ भने उद्योग र प्राथमिक क्षेत्र को योगदान क्रमश ११.३ र ३५.४ रहने अनुमान छ । आ.व. २०७९/२०८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन भने ७ खर्ब ७ अर्व हुने अनुमान तथ्यांक बिभागले प्रकाशित गरेको तथ्यांकमा उल्लेख छ ।

### ग) प्रदेशगत कुल गार्हस्थ उत्पादनको अवस्था

गत आर्थिक वर्षमा अर्थतन्त्रमा आएको सुधारको कारणले आर्थिक बृद्धि दर बृद्धि भए पनि चालु आर्थिक वर्षको शुरुवातमा नै आर्थिक मन्दीको प्रभाव देखिएको अर्थिक बृद्धि दर न्यून हुने अनुमान गरिएको छ ।

**तालिका १०: प्रदेशगत कुल गार्हस्थ उत्पादनको बृद्धिदर***

| प्रदेश | गत आ.व.को बृद्धि दर % | चालु आ.व.को बृद्धि दर% (अनुमानित) | कैफियत |
|---|---|---|---|
| **कोशी** | ५.४७ | २.० | |
| **मधेश** | ४.६३ | १.६९ | |
| **बागमति** | ६.३० | १.४४ | |
| **गण्डकी** | ६.३५ | ३.२६ | |
| लुम्बिनी | ५.०३ | २.०६ | |
| **कर्णाली** | ५.३२ | १.९१ | |
| **सुदूर पश्चिम** | ४.७८ | १.७८ | |
| **राष्ट्रिय जम्मा** | ५.६१ | १.८६ | |

* श्रोत: **केन्द्रीय तथ्यांक बिभाग** २०७९/२०८०

## २.६.४ मध्यमकालिन खर्च संरचनालागि त्रि-बर्षिय खर्च अनुमान तथा प्रक्षेपण

प्रदेशको आवधिक योजनामा मध्यमकालिन खर्च संरचनाको लागि योजना अवधिको बाकि आगामी बर्ष आ.व. २०८०/८१ मा क्रमश रु. ६६ अर्व ३५ करोड प्रस्तावित खर्चको प्रक्षेपण गरिएको भएपनि अर्थतन्त्रमा आएको मन्दी र राजस्व आकलन अनुसार प्राप्त हुन नसकेको लगायतका कारणले प्रक्षेपण गरिएअनुसार खर्च हुने स्थिति भने देखिदैन ।

**तालिका ११ : प्रदेशको विगत तीन सालको** पुँजी**गत खर्चको प्रबृत्ति *(रु करोडमा)**

| **आ.व.** | **कूल विनियोजन** | **कूल खर्च** | **पुँजीगत खर्च को हिस्सा प्रतिशत** |
|---|---|---|---|
| **२०७६।७७** | **४४१४.२७** | १७९५.१४ | **३६.८४** |
| **२०७७।७८** | **३४४४.३४** | २२५४.५६ | **६८.२७** |
| **२०७८।२०७९** | **३४८८.७८** | २२२६.०४ | **६०.९४** |

***** श्रोतः **म ले नि का २०७९**

चालु आ.व.को बजेट गत वर्ष प्रदेश सभामा प्रस्तुत हुदा रु. ४६ अर्ब ८८ करोड ०९ लाख भएको भए तापनि राजस्व असूली लक्ष्य अनुसार हुन नसकेको कारण अर्थतन्त्रमानै यस्को प्रभाव र असर परेको देखिन्छ । प्रदेश सरकारबाट हुने गरेको बिनियोजन बजेट खर्च गर्ने क्षमता न्यून भएको पाईएता पनि आगामी वर्ष समग्रमा प्रदेशको खर्च गर्ने क्षमतामा सुधारभै प्रदेश सरकारका बिभिन्न कार्यक्रम संचालन हुने आंकलन गरिएको छ । प्रदेशको आवधिक योजनामा मध्यमकालिन खर्च संरचनाको आगामी बर्षको लागि प्रस्तावित खर्चको प्रक्षेपण विवरण तलको तालिकामा खुलाईए अनुसारको भएकालेपनि प्रदेश सरकारलाई रकम खर्च गर्न दवाव रहेको छ । चालु आर्थिक वर्षमा राजस्वको स्रोतमा आएको संकुचनको कारणले आगामी तीन वर्ष (आ. व. २०८०/८१ - आ. व. २०८२/८३) को खर्च अनुमानलाई सकभर यथार्थपरक बनाउन पहिलेको सहज अवस्थामा गरिएको प्रक्षेपणलाई पुनरावलोकन गर्नुपर्ने स्थिति रहेको छ ।

तालिका १२: आवधिक योजना अनुसार त्रि-वर्षीय खर्च प्रक्षेपण, आ.ब.०७५/७६को स्थिर मुल्यमा (अर्वमा)

| विवरण | आर्थिक वर्ष | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
| कुल जम्मा | ३३.०८ | ३९.४७ | ४६.९६ | ५५.८० | ६६.३५ | २४१.६६ |
| चालु तर्फ | १५.८८ | १८.५५ | २१.६० | २५.११ | २९.१९ | ११०.३३ |
| पुँजीगत तर्फ | १७.२० | २०.९२ | २५.३६ | ३०.६९ | ३७.१६ | १३१.३३ |

समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, पहिलो आवधिक योजना, कुल गार्हस्थ उत्पादनको प्रक्षेपण, बित्तीय स्थिति, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजश्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षहरुको लागि तालिका ६ मा उल्लेख भएबमोजिम यो मध्यमकालिन खर्च संरचना तयार पारिएको छ ।

**तालिका १३ : चालु  आ व २०७९/८० को विनियोजित बजेट , फाल्गुन सम्मको खर्च  र मध्यमकालिन त्रि-वर्षीय खर्च प्रक्षेपण,**

| विवरण | चालु आ. व. **२०७९/८०** को विनियोजित बजेट | चालु आ.व.को फाल्गुन सम्मको खर्च* | जम्मा खर्च प्रतिशत | आगामी तीन आ.व.को खर्च प्रक्षेपण (रू हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कुल जम्मा | ४६८८०९४६ | ७९१३७६३ | १६.८८ | ४४११४६३२ | ४८५२६०९५ | ५३३७८७०५ |
| चालु  तर्फ | २०९०८८६६ | ३६५२२८७ | १७.४७ | १८४१७६१४ | २०२५९३७५ | २२२८५३१३ |
| पुँजीगत तर्फ | २५९७२०८० | ४२६१४७६ | १६.४१ | २५६९७०१८ | २८२६६७२० | ३१०९३३९२ |

***श्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेस प्रदेश**

यसर्थ यो मध्यावधि खर्च संरचनामा अनुमान महालेखा नियन्त्रक कार्यालयको गत विगतको वित्तिय विवरणलाई विशलेषण गर्दा श्रोत समितिको अनुमान बमोजिम नै  आ. व. २०८०/८१, आ. व. २०८१/८२ र  आ. व. २०८२।२०८३ को खर्च संरचनामा क्रमश ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार,  ४८ अर्ब ५३ करोड र ५३  अर्ब ३८ करोड मा नवढ्ने गरी आगामी तीन वर्षकालागि मन्त्रालयगत खर्च हुने आकलन  तालिका १३ देखाइए अनुसार खर्च हुने आंकलन गरिएको छ । यस अनुसार आगामी तीन वर्षकालागि खर्चको आंकलन गर्दा मूख्यतः निम्न कुराहरुलाइ दृष्टिगत गरिएको छ ।

- आगामी आ. व. २०८०।८१ का निम्ति  प्रदेश सरकारले प्रदेश सभामा पेस गरेको सरकारका नीति तथा कार्यक्रमा उल्लेखित प्रदेश सरकारका प्राथमिकताहरू,
- आगामी आ. व. २०८०/८१,२०८१/८२ र २०८२।२०८३ का निम्ति  प्रदेश सरकारले अनुमान गरेको आय व्ययको अनुमान,
- मन्त्रालयगत रुपमा पहिचान भएका प्रस्तावित वहुबर्षिय र सालवसाली कार्यक्रमहरु
- प्रदेश सरकारको चालु आ. व. २०८०।८१ को वार्षिक बजेटबाट दीर्घकालीन उपलव्धि हासिल हुन सहयोग पुग्ने गरी पहिचान भएका सालवसाली आयोजना/कार्यक्रमहरू ,
